# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०५।१६ गते

# प्रेस विज्ञप्ति

## विषय: नियन्त्रणमा लिइएको ।

-----------------------------------------

आन्तरिक राजश्व कार्यालय, सिमरा, बाराका कम्प्युटर अपरेटर सुदिप लामाले लामो समयदेखि कारोबार नभएको पान नं. बन्द गर्न सहजीकरण गरिदिने र राजश्व रकम छुट गरीदिने भन्दै विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलीले निज सुदिप लामालाई सेवाग्राहीसँग रू.४०,०००/- (चालीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित जितपुरसिमरा उपमहानगरपालिका वडा नं.१, सिमरा बजारमा रहेको किराना पसल अगाडीबाट रंगेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता